# गौमुखी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम

गाउँसभामा पेश भएको मिति : २०७५।०३।१०

आदरणीय यस सभाका सम्पूर्ण सदस्यज्यू, उपस्थित अतिथिज्यू, तथा गाउँपालिकाका कर्मचारीहरु

नेपालको संविधानले संस्थागत गरेको संघीय शासन प्रणाली अर्न्तगत गठन भएको स्थानीय तह मध्ये प्युठान जिल्लाको यस गौमुखी गाउँपालिकामा जनताको अमूल्य मतका आधारमा गठित स्थानीय सरकारको अध्यक्षको रुपमा सम्मानित सभामा दोश्रो पटक आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

आदरणीय उपस्थित महानुभावहरु, लोकतन्त्रले मात्र हाम्रो सामाजिक विविधतालाई समेट्दै सबैको सहभागिता सुनिश्चित गर्न सक्छ । समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक विभेदहरुलाई अन्त्य गर्ने महत्वपूर्ण माध्ययमको रुपमा लोकतान्त्रिक पद्धति भित्र स्थानीय सरकार र स्वशासनको अभ्यास हुन्छ । स्थानीय सरकारले जिम्मेवार, दक्षता, उत्तरदायित्व, जनसहभागिता र पारदर्शिता जस्ता सुशासनका आधारभुत पक्षको पनि सुनिश्चितता गर्न सक्दछ । सुदृढ र जीवन्त लोकतन्त्र वस्तुतः जराबाट उठेको हुन्छ । आज हाम्रो सामु तलैदेखि लोकतन्त्रलाई सबल र संस्थागत गर्ने अभुत पुर्ण अबसर आएको छ ।

यसै सन्दर्भमा राजनैतिक स्वतन्त्रता, लोकतन्त्रको स्थापनाका लागि इतिहासका सबै प्रकारका आन्दोलनमा सहयोग गर्ने नेपाली जनताको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै परिवर्तनका निम्ति जीवन उत्सर्ग गर्ने अमर सहिदप्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

साविकका स्थानीय निकायहरुमा लामो समय सम्म रहेको जनप्रतिनिधि विहिन अवस्था बाट स्थानीय स्तरमा हुनुपर्ने विकास निर्माणले गति लिन नसक्नु तथा संविधानले घोषणा गरेको संघीयता कार्यान्वयन गर्ने क्रममा २०७४ आषाढ ३१ मा सम्पन्न भएका गाउँकार्यपालिका समेतको निर्वाचनबाट गौमुखी गाउँपालिका जनप्रतिनिधियुक्त

भएपछि गौमुखी गाउँपालिकाले विकासको गति लाई अगाडी बढाउने दिशामा अग्रसर रहेको छ ।

संघीयताले स्थानीय सरकारको रुपमा स्थानीय तहहरुलाई प्रदान गरेका अधिकारहरुले गाउँ गाउँमै सिंहदरबार भन्ने आम नागरिकको बुझाई, लामो समय पश्चात जनप्रतिनिधिले पुर्णता पाएको स्थानीय तह प्रति जनताको आशा र अपेक्षा बढी रहनु स्वभाविक छ । आ.ब २०७४।०७५ को लागि संघीय सरकारबाट समानिकरण अनुदान अर्न्तगत विगतका वर्षहरुमा प्राप्त हुने विकास बजेटको तुलनामा उल्लेख्य बृद्धिका कारण नागरिकहरुमा विकास प्रति उत्साहजनक सहभागिता रह्यो ।

मुलुक नयाँ संरचनामा प्रवेश गरिसकेपछी कानुनी तथा अन्य व्यवस्थापकीय अन्योलता, दरबन्दी अनुसारका प्राविधिक तथा अन्य कर्मचारीको अभावका बाबजुद पनि आ.ब २०७४।०७५ को १४ करोड भन्दा बढी पुजीगत बजेट मध्ये गाउँपालिकाको केन्द्रको सम्बन्धमा निर्णय भईसकेपछी उत्पन्न असहज परिस्थितिका कारण निर्माण हुन नसकेको अस्थायी भवन तथा जग्गा प्राप्त हुन नसक्दा स्थापना गर्ने भनिएको कृषि संकलन केन्द्रको भवन निर्माण हुन नसकेका कारण दुबै कार्यका लागि विनियोजन गरिएको रु ४०,००,०००। (चालीस लाख) बाहेक विकास निर्माणका लागि विनियोजन गरिएको करिब सबै निर्माण कार्य सम्पन्न भएकोले आ.ब २०७४।०७५ को बजेट कार्यान्वयन सन्तोष जनक भएको महसुस गरेका छौं ।

चालु आ.ब का योजना कार्यान्वयनबाट सबल पक्षहरुलाई अझ मजबुत बनाउदै कमजोरीहरुबाट पाठ सिक्दै आर्थिक वर्ष २०७४।०७५ को समिक्षा सहित २०७५।०७६ को विषय क्षेत्रगत नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष पेश गरेको छु ।

**भौतिक पुर्वाधार**

- गाउँपालिकाको मुख्य सडक मच्छी ढाड देखि अर्खा सम्म सडक चालु आ.ब.मा ग्रावेल तथा अन्य मर्मतको काम गरेकोले हाल सवारी साधन आवत जावतमा सहज भएको छ । चालु आ.ब मा पनि प्रदेश सरकारबाट सो सडकका लागि बजेट विनियोजन भएकोले केन्द्र र प्रदेश सरकार सँग समन्वय गरि थप काम गरिने छ
- गाउँपालिका भित्र चालु आ.ब. मा गाउँपालिका देखि वडा कार्यालयहरु सम्म पुग्ने सडकहरुलाई पहिलो प्राथमिकतामा राखि सडक विस्तार गरिएको परिणाम स्वरुप हाल गाउँपालिकाका नारिकोट, खुङ, पुजाको डाँडाकटेरी हुदै लिवाङ दियाल्नाचौर

बाग्दुला , ठुलाबेशी हुँदै पुजा गाउँ र अर्खा नियमित बस सेवा सञ्चालन भइरहेको तथा आगामी आ.ब मा रजावारा तथा सालीबिसौना हुदै लिवाङ सम्म बस सेवा सञ्चालन हुने गरि सडक विस्तार गरिने छ ।

- हाल निर्माण भएका सडकहरुलाई गाउँपालिका तथा वडा कार्यालय जोड्ने तथा ठुलो बस्तीलाई जोड्ने सडकलाई मुख्य सडक र सानो बस्तीलाई जोड्ने सडकहरुलाई सहायक सडकमा विभाजन गरि ती सडकहरुको चौडाइ तथा स्तर कायम गर्नका लागि सडक निर्माण मापदण्ड तथा कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।
- आगामी आर्थिक वर्षमा अत्याबश्यक ठाउँमा नयाँ ट्र्याक खोलि चालु आर्थिक वर्षमा निर्माण भएका सडकहरुको स्तर बृद्धि तथा दिगोपनाका लागि ध्यान दिइने छ ।
- गाउँपालिका भित्र रहेका खेतियोग्य उर्वर भुमिहरुमा सिंचाई सुविधा पुऱ्याउनका लागि कच्ची तथा पक्की कुलो निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिइने छ ।

विद्युतिकरण

- अघिल्लो आ.ब सम्म गौमुखी गाउँपालिका वडा नं. ७ नारिकोट, लिवाङको बुक्ति चौर र ठुलावेशी बाहेक अन्य वडाहरु केन्द्रिय विद्युत लाइन प्रशारणबाट बञ्चित रहेकोमा चालु आ.ब मा गाउँपालिका वडा नं. ६ लिवाङ, वडा नं. ५ खुङ र वडा नं. ४ पुजाको धेरै भुःभागमा केन्द्रिय विद्युत लाइन विस्तार भएको छ भने वडा नं. १ र २, अर्खा र ३ रजवारमा समेत विद्युत पोल खरिद गरि गाड्ने काम भइसकेकोले आगामी आ.ब मा गाउँपालिकाका सबै वडाहरुमा केन्द्रिय विद्युत लाइन प्रसारण गरिने छ ।

**झोलुङ्गे पुल**

- चालु आ.ब मा गौमुखी गाउँपालिका वडा नं. २ मा कोर्चेघाट र गल्याङछ्याङ गरि २ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भइसकेको र वडा नं. ४ पुजामा सलामे फर्सखर्क झोलुङ्गे पुल निर्माण भइरहेको र गाउँपालिका भित्र रहेका खोला तथा नदीहरुमा साना पुल तथा झोलुङ्गे पुल निर्माण लाई क्रमागत रुपमा निर्माण गरिनुका साथै पक्की पुल निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग माग गरिने छ ।

**पर्यटन**

- चालु आ.ब मा गाउँपालिकाले महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको निर्माण तथा संरक्षणलाई प्राथमिकता दिदैं गौमुखी मन्दिर संरक्षणका लागि भु:क्षय नियन्त्रणका लागि ग्याविन भर्ने तथा तिर्थालुहरुलाई आबतजावतमा सहज बनाउनका लागि रेलिङ निर्माण र गौमुखी पदमार्गमा रहेको सिंचाई योजनाको पाइप व्यवस्थापन गर्ने कार्य गरिएको छ भने झाक्रिंढुङ्गा, नारिकोट देउरालीमा प्रतिक्षालय, अर्खामा देवी पुजा मन्दिर र ठुलावेशीमा शिव मन्दिर निर्माण गरिनुका साथै अर्खामा लाटाझांक्रि नाचको लागि फिल्ड निर्माण गरिएको छ ।
- आगामी आ.ब मा गाउँपालिकाको सम्पदाको रुपमा रहेको गौमुखी गुफा तथा मन्दिरलाई भु:क्षयले पुऱ्याएको क्षतिलाई न्यूनिकरण गरि गौमुखीको संरक्षण कार्यलाई निरन्तरता दिदै गौमुखीको प्रचार प्रसार गरि पर्यटन प्रवर्द्धनका लागि विभिन्न प्रचार प्रसारका कार्यक्रम तथा पत्रकार महासंघ संगको सहकार्यमा गौमुखी मिडिया सम्मेलन, २०७५ गरिने छ ।
- गौमुखी गाउँपालिका वडा नं. ३, रजवारमा रहेको धार्मिक स्थल झाक्रिढुंगा सम्म पुग्ने सडकको स्तररोन्नती गर्नुका सार्थ  मन्दिरको थप व्यवस्थापन गरिने छ ।
- गौमुखी गाउँपालिका वडा नं. ३, रजवारमा रहेको रानीवन दह वरिपरि मनोरम प्राकृतिक दृष्य अबलोकन सहित बनभोज कार्यक्रमको गन्तव्य स्थान बनाउनका लागि त्यस ताल व्यवस्थापन तथा प्रतिक्षालय निर्माण गरिने छ ।
- गाउँपालिका भित्र रहेका अन्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्नुका साथै प्रचार प्रसार गरिने छ ।

**शिक्षा**

- गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण तथा गुणस्तरिय शिक्षाका लागि निन्तर सहयोग, विद्यालयहरुको निरन्तर तथा प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरिनुका साथै विद्यार्थी संख्या अनुसार विषयगत शिक्षक दरबन्दीको व्यवस्थाको लागि पहल गरिने छ ।

- शिक्षा क्षेत्रको विकासका लागि गाउँपालिकामा प्राप्त सशर्त अनुदान लाई आबश्यकताका आधारमा प्राथमिकता निर्धारण गरि बस्तुनिष्ठ प्रक्रियाबाट विद्यालयहरुलाई वितरण गरि नपुग रकम गाउँपालिकाबाट व्यवस्था गरिने छ ।

- सामुदायिक विद्यालयहरुको शिक्षाको गुणस्तर सुधार विद्यालयहरुले गुणस्तर सुधार गर्नका लागि सुचकहरु सहित प्रतिवद्धता गरेमा कार्यविधि बनाई विद्यार्थि सख्याको आधारमा प्रति विद्यार्थि अनुदान दिइने छ ।
- गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरु मध्ये उत्कृष्ट सिकाइ उपलब्धि कायम गर्ने विद्यालय तथा उत्कृष्ट सिकाइ उपलब्धि प्राप्त गराए बापत शिक्षकहरुलाई प्रोत्साहन कार्यलाई थप बस्तुनिष्ठ शिक्षक तथा विद्यार्थि पुरस्कृत तथा दण्ड गर्ने कार्यलाई निरन्तरता दिइने छ । गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि प्राविधिक शिक्षालयको स्थापना गर्नका लागि पहल गरिने छ ।
- विद्यालयहरुलाई प्रविधिमैत्री बनाउनका लागि क्रमिक रुपमा विद्यालयहरुलाई कम्प्युटर, ल्यापटप तथा प्रोजेक्टर जस्ता विद्युतीय साधन प्रदान गर्नुका साथै विद्यालयहरुमा क्रमिक रुपमा विद्युतिय हाजिरी र इन्टरनेट सेवा जडान गरिने छ ।
- विद्यालय उमेरका बालबालिकाहरुलाई विद्यालय बाहिर रहन नदिनका लागि भर्ना अभियानलाई प्रभावकारी बनाउनका लागि सम्पूर्ण विद्यालयहरुलाई व्यवस्थापन खचए सहित जिम्मेवारी दिनुका साथै विद्यार्थिहरुको पठनपाठन बाहेक अतिरिक्त क्रियाकलाप अनिवार्य सञ्चालन गर्नुका साथै सबै विद्यालयहरुमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षकको क्षमता थप अभिवृद्धि गर्नका लागि विभिन्न विषयहरु सँग सम्बन्धित तालिमको व्यवस्था गरिने छ ।
- बालमैत्री शिक्षणका लागि ०-३ कक्षा सम्मका कक्षा कोठाहरुमा कार्पेट र पि म्याटको व्यवस्था गरिने छ ।

कृषि तथा पशुपालन

- गौमुखी गाउँपालिकामा हाल उत्पादन हुने कृषिबालिहरुमा रसायनिक मल तथा विषादीको प्रयोग नगरि प्रांगारिक मलको मात्र प्रयोग हुने गरेकोले कृषकहरुलाई अर्गानिक खेतिलाई नै प्रोत्साहन गरि उन्नत विउ विजनको प्रयोग गरि परम्परागत

खेति प्रणालीलाई व्यवसायिक खेति तर्फ उन्मुख गर्नका लागि विभिन्न किसिमका तालिम तथा विउ वितरण गरिने छ ।

- छिटो उत्पादन दिने तथा उत्पादनको राम्रो संभावना भएको आलु खेती, मौसमी तथा बेमौसमी तरकारी खेति तथा लामो समय सम्म उत्पादन दिने र उत्पादनको राम्रो सम्भावना भएको अलैचि खेतिलाई गाउँपालिकाको पहिचानको रुपमा स्थापित गरि कृषकहरुको आय स्तर बृद्धि गर्नका लागि विशेष गरि युवा कृषकहरुलाई प्रोत्साहनका लागि विभिन्न किसिमका अनुदानको व्यवस्था गरिने छ ।
- छोटो समयमा प्रतिफल दिने र बिक्रि वितरणका लागि बजारको समस्या नरहेको बाख्रा पालनलाई व्यवसायिक बनाउन नश्ल सुधारका लागि चालु आ.ब.मा वितरण गरिएका उन्नत जातका बोयर बोका कृषक समुहहरुलाई वितरण गरिएको छ । डाले घाँसका विरुवा समेत चालु आ.ब मै वितरण गरिने छ ।
- पशु चौपायाहरुमा कृत्रिम गर्भाधानका लागि आबश्यक सामाग्री तथा औजारहरुको व्यवस्था भइसकेकोले आगामी आ.ब. को सुरुवात देखि नै कृक्रिम गर्भाधानको कार्यक्रमलाई अगाडी बढाइने छ ।

**सेवा प्रवाह**

- गौमुखी गाउँपालिकाको कार्यालय, विषयगत शाखा तथा सम्पूर्ण वडा कार्यालयहरुबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई सरल, सुलभ र पारदर्शि बनाइने छ ।
- आ.ब २०७५।०७६ सम्ममा सबै वडा कार्यालयहरु सम्म इन्टरनेट सेवा विस्तार गरि विद्युतिय शासन प्रणालीलाई अबलम्बन गर्दै सेवाग्राही लाई दिइने सेवा तथा कार्यालयका अन्य कामकारबाहीहरुलाई छिटो छरितो र सरल बनाइने छ ।
- गर्भवति महिला, अपांग, ज्येष्ठ नागरिकहरुलाई सार्वजनिक सेवा प्रवाहमा प्राथमिकता दिइने छ ।
- सार्वजनिक सेवा प्रवाहमा खटिने कर्मचारीहरुको मनोबल उच्च राख्दै सेवाग्राही प्रति उत्तरदायी बनाइने छ ।
- कर्मचारीहरुको क्षमता विकास तथा बृत्ति विकासका लागि विभिन्न तालिमहरुको व्यवस्था गरिनुका साथै काममा प्रोत्साहन गरिने छ ।

- गौमुखी गाउँपालिका वडा नं. ५, ठुलाबेशीमा स्थापना भई सेवा सुचारु गर्ने तयारीमा SBI बैंक रहेकोले आगामी आ.ब देखि गाउँपालिकाको आर्थिक कारोबार ठुलाबेशी बाट नै सञ्चालन गरिनुका साथै सेवाग्राहीको सुविधाका लागि बैंक व्यवस्थापन सँग समन्वय गरि सबै प्रकारका बैंकिङ्ग कारोबारलाई सहज बनाइने छ ।

**वन क्षेत्र**

- गौमुखी तथा झाक्रिढुङ्गा वरिपरी रहेको वन क्षेत्रमा प्रचुर मात्रामा रहेको लोक्ता तथा अल्लो धागो प्रशोधनका लागि स्थापित रुग्ण उद्योगहरुलाई प्रोत्साहन गरि प्रवर्द्धन गर्न पाखो तथा भिरालो जमिनमा त्यस्ता विरुवा लगाई आय आर्जन उन्मुख हुनका लागि नागरिकहरुलाई खेति तथा प्रशोधनको तालिम दिइने छ ।
- गौमुखी संरक्षित वन घोषणा गर्नका लागि पहल गरिने छ ।

**स्वास्थ्य क्षेत्र**

- सबै नागरिकहरुलाई स्वास्थ्य सेवामा सहज पहुँचको व्यवस्था गर्दै नेपाल सरकारबाट निःशुल्क दिने व्यवस्था गरेका औषधी खरिद तथा स्वास्थ्य संस्थामा आई सुत्केरी हुने महिलालाई दिईदै आएको यातायात तथा प्रोत्साहनका लागि सशर्त अनुदानमा नपुग रकम गाउँपालिकाबाट व्यवस्था गरि सहज तथा निःशुल्क औषधी सेवाग्राहीलाई दिने व्यवस्थालाई आगामी आ.ब. मा पनि निरन्तरता दिइने छ ।
- गौमुखी गाउँपालिका वडा नं. १, अर्खामा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरि सेवा सुचारु गरिने छ भने अन्य स्वास्थ्य संस्थाहरुमा आबश्यक भौतिक पुर्वाधार र उपकरणहरुको उपलब्धतामा बृद्धि गरिने छ ।
- चालु आ.ब मा पुजा स्वास्थ्य चौकीमा स्थापना भएको ल्याब सेवालाई थप प्रभावकारी बनाइनुका साथै एम.वि.वि.एस डा. बाट सेवा दिन पहल गरिने छ ।
- सरुवा तथा मौसमी रोग नियन्त्रण गर्न, नवजात शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर कम गर्न, लागु औषध नियन्त्रण गर्न, बाल बिवाहले स्वास्थ्यमा पर्ने नकारात्मक असर सम्बन्धमा जनचेतना फैलाउन, चार पटक अनिवार्य गर्भ जाँच गराई संस्थागत सुत्केरी सख्यामा बृद्धि गर्न तथा परिवार नियोजनका साधनको प्रयोग दर बढाउने जस्ता स्वास्थ्य सम्बन्धि विबिध चेतनामुलक कार्यक्रहरुलाई आगामी आ.ब मा पनि निरन्तरता दिइने छ ।

- स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आउनु भएका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई थप प्रोत्साहन गरिने छ ।
- सबै नागरिकहरुलाई चिकित्सकीय सेवा प्रदान गर्न तथा पाठेघरको समस्या भएका महिलाहरुलाई प्रमुख प्राथमिकतामा राखेर सबै वडाहरुमा निःशुल्क स्वास्थ्य शिविरलाई आगामी आ.ब.मा पनि निरन्तरता दिदैं गाउँपालिका स्तरिय एकिकृत स्वास्थ्य शिविरको आयोजना गरिने छ ।
- सरकारले अगाडी सारेको स्वास्थ्य विमाको राष्ट्रिय कार्यक्रम अर्न्तगत स्वास्थ्य विमा गर्न आर्थिक रुपले असमर्थ अति विपन्न परिवारहरुको पहिचान गरि गाउँपालिकाले स्वास्थ्य विमा गरिदिने छ ।

**<u>वातावरण तथा विपद् व्यवस्थापन</u>**

- गाउँपालिकामा चालु आ.ब मा निर्माण गरिएका सडकको किनारामा बहुउपयोगी जातका घासँ तथा विरुवाहरु गाउँपालिका र स्थानीय बासिन्दाहरुको संयुक्त प्रयासमा बृक्षारोपण गरिने छ ।
- वर्षातको समयमा आउन सक्ने बाढी तथा पहिरो लाई न्यूनिकरण गर्नका लागि विपद् प्रतिकार्य योजना बनाई लागु गरिने छ । भने विपद् आइ परेमा तत्काल उद्धारका लागि चालु आ.ब. मा खरिद गरिएका उद्धार सामाग्रीहरु नपुग हुने देखिएमा त्यस्ता सामाग्रीहरु थप गरिने छ ।

**<u>युवा लक्षित कार्यक्रम</u>**

- रोजगारीको लागि विदेश जाने र बैदेशिक रोजगारीबाट फिर्ता आएका युवाहरुलाई लक्षित गरि विभिन्न किसिमका सिपमुलक तालिम र व्यवसाय गर्नका लागि अनुदान दिइने छ ।

**<u>विपन्न लक्षित कार्यक्रम</u>**

- आफ्नो स्वामित्वमा जग्गा नै नभएका सुकुम्बासी तथा विगत वर्षहरुमा बाढी तथा पहिरोका कारण विस्थापित भएका तर आर्थिक विपन्नताका कारण घरबास बनाउन नसकेका अति विपन्न परिवारहरुको पहिचान गरि आवास निर्माण गरिने छ ।
- गरिबीको रेखामुनी रहेका परिवार तथा घरमा जस्ता तथा ढुंगाको छानो लगाउन नसकेका परिवारमा खरको छानोलाई विस्थापित गरि जस्ताको छानो लगाउने

कार्यलाई संभव भएमा एकै पटक तथा एकै पटक संभव नभएमा क्रमिक रुपमा अगाडी बढाइने छ ।

**खेलकुद विकास**

- गाउँपालिकामा खेलकुदको विकास तथा युवाहरुलाई खेलकुद प्रति आकर्षण गर्नका लागि विभिन्न कार्यक्रम सञ्चालनका लागि गाउँपालिका स्तरिय खेलकुद विकास समिति चालु आ.ब.मा गठन गरिएकोमा खेलाडी प्रशिक्षण कार्यक्रम, खेलकुद प्रतियोगिता सञ्चालन र विद्यालय तह देखि नै खेलाडी उत्पादनका लागि गरिने कार्यत्रमको व्यवस्थापन सोही खेलकुद विकास समिति मार्फत सञ्चालन गरि गाउँपालिकामा एक खेलकुद मैदान आगामी आ.ब मा स्थापना गरिने छ ।

## खानेपानी तथा सरसफाई

- गत वर्षदेखी वास ईकाइ अन्तर्गत संचालनमा रहेका रजवारा अर्खा र लिवाङ्गका खानेपानी तथा सरसफाई योजनाहरुलाई निरन्तरता दिईने छ ।
- सवै वडाहरुमा खानेपानी तथा सरसफाइको पहुच वृद्धिको लागि साना ठुला खानेपानी तथा सरपसफाई योजनाहरु संचालन गरीने छ ।
- गौमुखी गाउँपालिका वडा नं. १ र २ लाई पुर्ण सरसफाइ यूक्त वडा घोषणा गरीने छ ।
- गौमुखी गाउँपालिकालाई नै पूर्ण सरसफाई यूक्त गाउँपालिका वनाउनको लागि अन्य वडाहरुमा पनि सरसफाई सम्वन्धि कार्यक्रमहरु संचालन गरीने छ । साथै पूर्ण सरसफाईको दिगोपना तथा आनिवानी परिवर्तनका कार्यक्रमहरु संचालन गरीने छ ।

विष्णु कुमार गिरी
अध्यक्ष
गौमुखी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, पुजा, प्युठान